दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)

फोन:- ०७१५४२५७१



वर्ष ३६ | अंक २५१ | बुटवल | २०८१ भदौ २१, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday Sept.06 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# करोडौंका योजना अलपत्र

## योजना निर्माणअघि सञ्चालन विधि तय नहुँदा जनताको करबाट बनेका करोडौंका योजना अलपत्र छन्।

**लक्ष्मण पोखरेल**

*बुटवल*

रुपन्देहीको तिलोत्तमा नगरपालिकाले प्राविधिक विषय अध्यापनका लागि ३ करोड ७७ लाख खर्चेर वडा नम्बर १४ खैरियामा भवन बनायो। सिटी कलेज सञ्चालन गर्ने योजनासहित भवन बनेको चार वर्ष बित्यो। नगरपालिकाको ठूलो परियोजनाका रुपमा बनेको यो भवन अहिले अलपत्र छ। नगरपालिकाले यहाँ स्वास्थ्य विषयको तीन वर्षे डिप्लोमा विषयका कक्षा सञ्चालन गर्न सिटिइभिटीसँग सम्बन्धन माग गरेको थियो। प्रारम्भिक चरणमा डिप्लोमा तहका कक्षा सञ्चालन गर्ने र क्रमशः स्नातक तहका कार्यक्रम पनि सञ्चालन गर्ने नगरपालिकाको योजना थियो। तर सिटिइभिटिले सम्बन्धन दिएन।

रुपन्देहीको देवदहस्थित शित्तलनगर चोकमा देवदह नगरपालिकाले झण्डै ५ करोड लगानी गरी बहुउद्देश्यीय कोशली भवन निर्माण गऱ्यो। तीन वर्षअघि तयार भएको कोसेली घरमा २७ सटरहरु राखिएका छन्। यो भवन काममा नआएपछि महालेखापरीक्षकको कार्यालयले आफ्नो प्रतिवेदनमा निर्माण भएको भवन उद्देश्य अनुरुप सञ्चालन गर्न भन्यो। त्यो निर्देशन दिएको दुई वर्ष बित्न लाग्दा पनि भवन सञ्चालनमा छैन।

कोसेली भवन निर्माण भएको लामो समयपछि नगरपालिकाले कार्यविधि तयार गऱ्यो। त्यसलगत्तै त्यहाँ रहेका २७ वटा सटर (पसल) र तीन वटा हल भाडामा लगाउन बोलपत्र आह्वान गऱ्यो। पहिलो पटकको सूचनामा आवेदन नपरेपछि पुनः बैशाखमा दोस्रो पटक बोलपत्र आह्वान गऱ्यो। त्यसयता पनि कोसेली भवन उपयोग भएको छैन, बरु भवन थोत्रिदै गएको छ।

यी योजनाहरु सफल नहुनुका पछाडि योजना निर्माणपूर्व अध्ययन नहुनु हो। हाटैहाटले भरिएको देवदह नगरपालिको कोसेली घर बनाउनु अघि नगरपालिकाले सो घर कसरी सञ्चालन हुन सक्छ भनेर अध्ययन गरेन। ठूला भवन बनाए पदाधिकारीको कार्यकाल सफल हुन्छ भन्ने सोचाइले पूर्वाधार बनाइयो। लहडमा बनेको योजनामा सरकारी राजस्वमात्रै खर्च भयो, उपलब्धि भएन्। राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. गोविन्द पोखरेल पर्याप्त अध्ययन विना तय गरिएका योजनाहरु अनुत्पादक भइरहेको बताउँछन्। 'हाम्रोमा परियोजनाहरु आवश्यकताका आधारमा नभई नेताको इच्छाका आधारमा थोपरिन्छन्,' उनी भन्छन्-'यसरी योजना बनाउँदा जनताले अपनत्व लिँदैनन्, ती योजना कसरी सञ्चालन हुन्छन भन्ने पत्तो पनि हुँदैन।'

पोखरेलका अनुसार कुनै पनि आयोजना निर्माणअघि सम्भाव्यता अध्ययन गर्नुपर्छ। त्यतिबेला आयोजना निर्माणको आवश्यकता, यसको उपलब्धि, सञ्चालन विधि, लाभग्राहीको पहिचान आदि कुरा हेरिनुपर्छ। तर अहिले संघीयदेखि स्थानीय तहसम्मका योजनाहरु लहडमा आउने गरेका छन्। पोखरेल संघीय सरकारले बनाएका भैरहवाको गौतमबुद्ध विमानस्थल, पोखरा विमानस्थल, बुटवलको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रलाई यसका उदाहरणका रुपमा लिन्छन्। यी सबै आयोजना निर्माण सकिएको लामो समयसम्म कसरी चल्छन भन्नेमा अन्यौल छ।

यसो भएपछि बनेका पूर्वाधार त्यतिकै खेर जान्छन्। उदाहरणका लागि, बुटवल उपमहानगरले रामनगरमा भएको पशु बधशाला। ०६५ सालमा सुरु भएको योजनाअन्तर्गत पहिलो पटक बनेको भवन सञ्चालन नभइ भत्कियो। स्थानीय सरकारमा नयाँ नेतृत्व आएपछि निजी-सामुदायिक साझेदारीमा सञ्चालन गर्ने भनेर २२ करोड १३ लाखमा बधशालाको पूर्वाधार निर्माण भयो। निकै अन्योलका बिच झण्डै १५ वर्षपछि बधशाला बोलपत्रमार्फत् ठेक्कामा लगाइएको छ। तर बधशाला पछिसम्म सञ्चालन होला भनी यकिन भएको छैन। बधशालाको योजनालाई सफल बनाउन अशुद्ध मासु बिक्रीमा रोक लगाई नागरिकमा चेतना फैलाउनु पर्ने भए पनि नगरपालिकाले यी काममा ध्यान देखिएको छैन।



विभिन्न तहका सरकार पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माणमा करोडौं खर्च गर्छन् तर त्यसबाट लाभ लिन भने उनीहरु असफल छन्।

पाल्पाको तानसेनस्थित अमरनारायण मन्दिरको जीर्णोद्धार र पार्क निर्माण यसको अर्को उदाहरण हो। ऋण लगानीसहित झण्डै २ करोड रकम खर्च गरेर मन्दिर जीर्णोद्धार गरियो। १०८ गौमुखी धारा, शिलाको शिवलिंगसहितका संरचना बनाउन थालियो। तर योजनाअनुसारका सबै काम भएनन। मन्दिरको पार्क जंगल बन्दैछ। बहुवर्षीय योजनाअनुसार जीर्ण तथा फोहोर पोखरीको तल्लो भाग सम्याउने, भित्तालाई व्यवस्थित गर्ने, पोखरी सरसफाई, प्रवेश गर्ने सिँढी, रेलिङ, ट्याङ्की आदि बनाउने नगरपालिकाले बजेट खर्च गरेको छ।

२ सय ५० वर्ष पुरानो मन्दिरको पर्यटकीय प्रवर्द्धनमा नगरपालिकाले खर्चै गरेको छैन। जीर्णोद्धार गरिएको मन्दिर भत्किएको छ। एसियाली विकास बैंकको ६० प्रतिशत ऋण र ४० प्रतिशत अनुदान लिएर १ करोड ३० लाखमा मन्दिरमा पित्तलको छानो हालिएको थियो। लाखौं लगानी गरेर समयमै काम नसक्दा लगानीमात्रै होइन ऐतिहासिक संरचना समेत जोखिममा परेको छ। तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठ मन्दिरको बाँकी कार्य सकेर पर्यटन प्रवर्द्धनको काममा जुटिने बताउँछन्।

**करोडौंका डबली झारले ढाँकिदै**

प्रदेश सरकारले २२ रकोड १६ लाख खर्च गरेर पाल्पा तानसेनको कैलाशनगर, नुवाकोट र दाङको घोराहीमा तीन वटा डबली पनि अलपत्र छन्। तानसेनको कैलाशनगरमा बनेको श्रीनगर सांस्कृतिक डबली प्रदेश सरकारले तानसेन नगरपालिकालाई हस्तान्तरण गरेको छ। तर यो डबली कसरी चलाउने भन्नेबारेमा नगरपालिकाले पत्तै पाएको छैन। योजना निर्माण पूर्व सञ्चालन विधि नबनाएकाले यसमा लगानी भएको करोडौं राजस्व डुबेको छ। प्रदेश सरकारले स्थानीय कला संस्कृति तथा ऐतिहासिक पक्षको प्रचारप्रसार गरी पर्यटक ल्याउन यो काम गरेको थियो। तर त्यो काम कसले र कसरी गर्ने भन्ने कुनै अध्ययन भएको छैन।

श्रीनगर (माथि कैलाशनगर भनेको छ। यहाँ श्रीनगर भनेको छ। यो कैलाशनगर हो भने यहाँका केही जानकारी माथि नै लगिदिउँ) मा डबली बनाउनका लागि लुम्बिनी प्रदेश सरकारको ६ करोड ८२ लाख ५६ हजार ९१ रुपैयाँ खर्च भएको छ। निर्माण सकिएको डेढ वर्षपछि मात्रै अलपत्र अवस्थामै रहेको डबली नगरपालिकालाई हस्तान्तरण गरिएको हो।

डबलीमा झन्डै पाँच सय दर्शकले खुल्ला प्रदर्शनी हेर्न पाउँछन्। यहाँ स्टेज, हरियो दुबोसहितको दर्शक कक्ष, कलाकारहरुको चेञ्जिङ रुम, कोलसेट, शौचालय, गार्ड हाउस, टिकट काउन्टर, कार्यालय कोठा र पार्किङ सहितको सुविधा छ।

» बाँकी ३ पेजमा

# आज तिज, लुम्बिनीमा बिदा

बुटवल। भाद्र शुक्ल तृतीयाका दिनमा मनाइने हरितालिका तिज पर्व आज वैदिक सनातन हिन्दू धर्मावलम्बी नारीहरू महादेवको पूजा आराधना गरी मनाउँदैछन्। सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर महादेव पति पाउने बरदान पाएकी थिइन्। तर पिता हिमालयले पार्वतीको इच्छा विपरीत विष्णुसँग विवाह गरिदिन खोजेपछि साथीलाई आफ्नो समस्या सुनाइन्। सखी पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरूले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए। साथीहरूले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई प्राप्त गरेको धार्मिक विश्वास रहि आएको छ।

यसरी पार्वती साथीहरूद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका तीजको व्रत लिने प्रचलन सुरु भएको धर्मशास्त्रीय मत रहेको छ। संस्कृत भाषाका 'हरित' र 'आलिका' दुईवटा शब्द मिलेर हरितालिका शब्द बनेको छ। हरितालिका तिजका सन्दर्भमा 'हरित' शब्दको अर्थ हरण गरिएको र 'आलिका' शब्दको अर्थ साथी भन्ने हुन्छ। सत्ययुगमा आजैको दिन निराहार व्रत बसी पार्वतीले श्री महादेव स्वामी पाएकीले आजको दिनमा व्रत बस्दा मनोकामना पूरा हुने विश्वासमा नारीहरू व्रत बस्ने गरेका गर्दछन्। तर यसको अर्थ सबै नारी निराहार व्रत बस्नुपर्छ भन्ने नरहेको धर्मशास्त्रविद् प्राध्यापक डाक्टर रामचन्द्र गौतम बताउँछन्।

» बाँकी ३ पेजमा

# भैरहवा र पोखरा उडान गर्न चाइना साउदर्न तयार

बुटवल। चिनियाँ वायुसेवा कम्पनी चाइना साउदर्नका प्रतिनिधिले भैरहवा र पोखरास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा उडान विस्तार गर्न तयार रहेको बताएका छन्। बिहीबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेसँग भेट्दै चाइना साउदर्नका प्रतिनिधिले यस्तो जानकारी गराएको मन्त्री पाण्डेको सचिवालयले जनाएको छ।

एयरलाइन्सका प्रतिनिधिले मन्त्री पाण्डे समक्ष पोखरा र भैरहवामा उडान गर्न उत्साहित रहेको बताए। ४० भन्दा बढी मुलुकमा सेवा दिँदै आएको कम्पनीले अहिले काठमाडौंबाट चिनियाँ सहर ग्वान्झाओमा सिधा उडान गरिरहेको छ।

प्रतिनिधिले पोखरा र भैरहवा उडानमा सरकारले लिएको नीतिगत सुधारको पहललाई प्रशंसा गरेको समेत मन्त्रालयले जनाएको छ।

» बाँकी ३ पेजमा

# चेक बाउन्समा ३० दिने म्याद हटाउने तयारी

**लुम्बिनी संवाददाता**

*बुटवल*

बैंकिङ कसुर तथा सजायसम्बन्धी विधेयक (दोस्रो संशोधन) २०८० मा चेक अनादर केसमा ३० दिनको म्याद राख्न नहुनेमा सांसदहरूले जोड दिएका छन्। बिहीबार प्रतिनिधि सभाअन्तर्गतको अर्थ समिति बैठकमा बैंकिङ कसुर तथा सजायसम्बन्धी विधेयक (दोस्रो संशोधन) २०८० माथि भएको दफावार छलफलमा बोल्दै अधिकांश सांसदहरूले यस्तो माग राखेका हुन्। सांसदहरूले चेक अनादर मुद्दाको लागि ३० दिनको म्याद राख्न जरुरी नभएको भन्दै तत्काल अदालत वा प्रहरीमा मुद्दा दर्ता गर्न पाउने व्यवस्था गर्नुपर्ने बताए। उनीहरूले सरकारले कानुन बनाउँदा गल्ती गर्नेलाई सहजीकरण हुने भन्दा पनि पीडितको हितको लागि कानुन बनाउनु पर्नेमा जोड दिए। तर पूर्वअर्थमन्त्रीहरूले भने सरकारले सबै मुद्दालाई फौजदारी मुद्दामा जेल हाल्ने काम मात्रै भएकाले मेलमिलापको विकल्पको लागि ३० दिनको म्याद राख्नु जायज रहेको पनि बताए।

बैठकमा बोल्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले पैसा नभएको बैंक खाताको चेक दिनु भनेको फल्ट गरेको ठहर हुने बताए। उनले ३० दिनको सूचना दिने व्यवस्था राख्न नहुने भन्दै अदालत जाँदा समेत मुद्दा फैसला हुन लामो समय लाग्ने पनि जनाए। कानुन बनाउँदा अपराध नहोस् भन्नको लागि कानुन बनाउनुपर्ने भन्दै अपराधिलाई सहजीकरणका लागि कानुन बनाउन नहुने उनले उल्लेख गरे।

चेक अनादरको अपराधमा सिधा कारबाही र मुद्दा चल्ने गरी कानुन बनाउन आवश्यक रहेको धारणा राखे।

नेकपा (माओवादी केन्द्र)का सांसद छिरीङ डम्डुल लामाले पैसा नभएको बैंकको चेक काटेर चेक अनादर गर्नेलाई ३० दिनको म्याद नराखि सिधै कारबाही गर्नुपर्ने बताए। उनले बैंकिङ कसुर तथा सजायसम्बन्धी कानुन पीडितको हित र अपराध नियन्त्रण गर्नेगरी बनाउन आवश्यक रहेको बताए। कानुनलाई कडाभन्दा कडा बनाउँदा मात्रै बैंकिङ अपराधहरू रोकिने उनको दाबी थियो। नेकपा एमालेकी सांसद जुलीकुमारी महतोले पनि चेक अनादर अपराधमा पीडितले मुद्दा हाल्न ३० दिनको म्याद राख्न नहुने बताइन्। उनले अझ त्यस्तो अपराध गर्नेलाई मुद्दाभन्दा पनि सिधा कारबाही हुने व्यवस्था गर्नुपर्ने बताइन्। मुद्दामा जाँदा पनि चेक अनादर मुद्दा पाँच वर्षसम्म फैसला नभएको अवस्था रहेको भन्दै ३० दिनको म्याद दिन नहुने उनको भनाइ थियो।

» बाँकी ३ पेजमा

# अखिल क्रान्तिकारीको रूपन्देही सम्मेलन विवादित



बुटवल। नेकपा माओवादी केन्द्र निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारी रुपन्देहीको २३औँ जिल्ला सम्मेलन विवादित बनेको छ। भदौ १८ गतेको लागि तोकिएको निर्वाचन १९ गते सार्दा करिब आधा प्रतिनिधिहरुले बहिस्कार गरेको अवस्थामा एकपक्षिय रुपमा निर्वाचन गरिएको भन्दै विद्यार्थी नेताहरुले विरोध गरेका छन्।

संगठनका उपाध्यक्ष प्रशान्त बञ्जाडेले आधा मात्रै प्रतिनिधि भएको अवस्थामा एक समूहले मात्रै एकपक्षिय निर्वाचन गरेको आरोप लगाए। पार्टीभित्र गुटगत राजनीति हुँदा सबैको मर्म अनुसार निर्वाचन नभएको उनको तर्क छ।

पार्टीकै जिम्मेवार नेताहरुले विद्यार्थी संगठनमा हस्तक्षेप गरेको भन्दै करिब आधा प्रतिनिधिहरुले बन्द सत्रलाई पुनः सञ्चालन गर्नुपर्ने भन्दै उम्मेदवारी फिर्ता लिएर निस्केको समयमा निर्वाचन गराएपछि विवाद बाहिर आएको हो। अधिवेशनमा १८५ जना प्रतिनिधि मतदाता रहेकोमा जम्मा ९९ मत मात्रै खसेको छ। बाँकी ८६ जनाले बहिस्कार गरेको उनले बताए।

जिल्ला इञ्चार्ज वामदेब क्षेत्रीको रोहबरमा पार्टीभित्रको एउटै समूहका टिकाराम आचार्य र माधव अर्याललाई दुई पक्ष जस्तो देखाएर निर्वाचन गराएको उनले आरोप लगाए। उनले दैनिक लुम्बिनीसँग भने-'विधि पद्धति विपरित निर्वाचन गराइएको छ। विभिन्न गुटको बहानामा सिधैँ पदाधिकारीमा चुनाव लड्न दिइएको छ। पार्टीकै जिल्ला इञ्चार्जसहितका जिम्मेवार नेताहरुले विद्यार्थी संगठनमा हस्तक्षेप गरे।'

यता नवनिर्वाचित अध्यक्ष टिकाराम आचार्य पार्टीलाई नमान्ने हो भने संगठनमा बस्नुको औचित्य नभएको बताउँछन्।

निर्वाचन कमिटी पार्टीले नै बनाएको बताउँदै उनले बहिस्कारभन्दा पनि केही प्रतिनिधि अनुपस्थित रहेको बताए। उनले जिल्ला अध्यक्ष र इञ्चार्जलाई नै नमान्दै बाहिर बसेर विरोध गर्नुको औचित्य नरहेको जनाए। उनले सबैलाई मिलाएर लैजाँदै सहकार्यको वातावरण बनाउन आवश्यक पहल गर्ने समेत बताए।

अधिवेशनबाट ४१ सदस्यीय कार्यसमिति चयन भएको छ। अध्यक्ष र तीन उपाध्यक्षमा मात्रै निर्वाचन भएको थियो। तीन उपाध्यक्षहरुमा विशाल पौडेल, हिमाल खनाल र मधुसुधन गाहा विजयी भएका छन्। वलयसन थापा र मधु आचार्य भने उपाध्यक्षमा पराजित भएको निर्वाचन समितिले जनाएको छ।

माओवादी केन्द्र रुपन्देही संयोजक निर्मल जीसीले आपसी एकता कायम गरेर सहमतिमा नेतृत्व चयन गर्न विद्यार्थी प्रतिनिधिबाटै माग भएको, तर सहमतिमा नेतृत्व चयन हुन नसक्दा एक पक्ष निर्वाचनमा सहभागी नभएको बताए।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# तिज पर्वको शुभकामना

तिज पर्व नेपाली समाजको मौलिक पर्व हो । हिमाल, पहाड र तराईमा विभिन्न जाति र समुदायले मनाउने यो पर्वले परिवार मिलन गराएको छ। परिवारमा स्नेहको वातावरण श्रृजना गरेको छ। समाजमा सद्भाव र मेलमिलापको वातावरण तयार गरेको छ।

तिजमा खासगरी विवाहपछि घर गएका महिलालाई माइतीमा निम्ता गरिन्छ । माइती आएका दिदीबहिनीहरु एक आपसमा भेट गर्छन् । दुःख सुख साटासाट गर्छन् । परिवारका सदस्य, टोल छिमेकका सदस्यहरु भेला भएर गीत गाएर रमाइलो गर्ने चलन छ। तिजमा गाइने गीतले सांस्कृतिक जागरण बढाएको छ । नेपालमा राजनैतिक आन्दोलनलाई जागृत गर्न र दिशाबोध गर्न तिज पर्वको महत्वपूर्ण भूमिका छ । राजनैतिक दलहरु प्रतिबन्धित रहेको बेला तत्कालीन शासकविरुद्ध महिलाले गीतमार्फत् आवाज उठाउने काम गरे । निरंकुश व्यवस्थाका बेला शासक र उनीहरुले संरक्षण गरेका व्यक्तिले गरेका अन्याय र अत्याचारविरुद्ध आवाज उठाउने सशक्त माध्यम तिज पर्व थियो । तिजमा महिलाले तत्कालीन शासकविरुद्ध गीतमार्फत् उठाएका आवाजले समाजमा राजनैतिक जागरण ल्याउन बल पुग्यो । अहिलेको राजनैतिक परिवर्तनको आधार तिज झैं नेपाली समाजका मौलिक पर्व नै हुन् ।

सामाजिक र राजनैतिक आन्दोलनको अभिन्न अंग बनेको तिज पर्व पछिल्ला दिनमा भड्किलो बन्न थालेको छ । तिजको अघिल्लो दिनलाई दर खाने दिन मानिन्छ। शहरमा एक महिनादेखि दर खाने कार्यक्रमको बहानामा तडकभडक चल्न थालेको छ । यो तडकभडकको जालोमा पर्दा समाज बिथोलिएको छ । समाजमा तडकभडक बढ्दा धनी र गरिबबिचको खाडल बढेको छ । समाजमा सद्भाव बिथोलिने जोखिम छ। तिजको मौलिकता नासिदै तडकभडकमा रम्दा पारिवारिक मिलापमा दरार पैदा गरेको छ। कुनैबेला राजनैतिक र सामाजिक रुपान्तरणका लागि महत्वपूर्ण योगदान गरेको पर्व अहिले भड्किलो बनाइनु समाज खल्वाइनु हो। चाडपर्व सबैले मान्न सक्ने गरी मनाउनुपर्छ । तडकभडक बढ्दा त्यसले ल्याउने विकृतिको जालोमा सिंगो समाज पर्नु कदाचित राम्रो होइन ।

स्वतन्त्रताको नाउमा सबै गर्न पाउनुपर्छ भन्ने उचित होइन । तडकभडकलाई न्यूनीकरण गर्ने काम तहगत सरकारको हो। तहगत सरकारले समन्वय गरी चाडपर्वलाई अनावश्यक भड्किलो नबनाउनका लागि पहल गर्न सक्छन् । हुँदा खाने र हुनेखाने सबैले चाडपर्व मान्न सक्ने बनाउन नेतृत्व लिनसक्छन् । त्यसो हुँदा तिज पर्वको मौलिकता जोगिन बल पुग्न सक्छ।

तिज पर्वको सबैमा शुभकामना !

# जनताका लागि हिंसा मुक्ति कि अपराध ?



विन बहादुर कुँवर

*वास्तवमा अगुल्टाले हानेको कुकुर बिजुली चम्किदा पनि तर्सने भनेजस्तै माओवादीमा यसले काम गरिरहेको छ। हिजो हिंसाभन्दा बित्तिकै गर्व गर्ने माओवादीहरु आज यो सित किन यति धेरै तर्सेका होलान् ? गाँठी कुरा यसमा छ। हिंसाभन्दा बित्तिकै यति धेरै तर्सिहाल्नु पर्ने केही छैन। मार्क्सले हिंसालाई इतिहासको सुडनी हो भनेका छन्। मार्क्स-एंगेल्स र लेनिनले धेरै ठाउँमा हिंसाको कुरा उठाउनु भएको छ। हिंसाको महत्वबारे धेरै बताउनु भएको छ।*

हरेक देशका बुर्जुवा संसदीय सदन बाहिर खसीको टाउको, तर भित्र कुकुरको मासु बेच्ने अखडा हुन् । यो धेरै पहिले नै कमरेड लेनिनले बताएका थिए । यो प्रायः सबै मुलुकहरुमा भएको पाइन्छ । यस्ता संसदीय सदनहरुमा पटक-पटक मारपिट, गाली गलौज, आरोप-प्रत्यारोप, ढाँट छल, षड्यन्त्र अनेक हुने गरेको छ । कतिपय मुलुकमा त गोली हानाहान र बम विष्फोट समेत गरेको पाइन्छ । स्वयंमा यो लोकतन्त्रको जननी भनिने राष्ट्र अमेरिकामा समेत यस्तो भएको पाइन्छ । वर्तमान अमेरिकी राष्ट्रपति जो वाइडेनका विरुद्ध तत्कालीन राष्ट्रपतिका उम्मेदवार डोनल्ड ट्रम्पका समर्थकहरुले यस्तै हकर्त देखाइसकेका छन् । त्यसैले के प्रष्ट छ भने यो बुर्जुवा संसदीय राज्य सत्ता र व्यवस्थाको मूल विशेषता र चरित्र नै हो । खास जनताको राज्य व्यवस्थामा यो हुँदैन ।

नेपालको यो संसदीय इतिहास त्यति लामो छैन । तै पनि यस्ता हर्कतहरु यहाँ पनि पटकपटक देखिने गरेका छन् । सामान्य भनाभन, आरोप प्रत्यारोप मात्रै होइन हात हालाहाल, लछारपछार, तोडफोड र नाङ्गै -बुङ्गै हुने जस्ता उच्श्रृंखलता यहाँ भइरहेका छन् । यो संसदीय तमसा र गाईजात्रा । गर्नेलाई भन्दा देख्नेलाई लाज । हरेक महिनामा सरकार र सत्ता अनि दल परिवर्तन । ओल्लो घरको नरे पल्लो घरमा सरे भने जस्तै चरित्र यहाँ देखिंदै आएको छ । लाज शर्म अरु केही छैन । उल्टो जो चोर उसैको ठूला स्वर हुने गरेको छ ।

हालै केही दिन पहिले सदनमा एमाले र एमाओवादी केन्द्रका सांसदहरु बीच यस्तै दोहोरी चलेको देखियो । यसको थालनी सर्वप्रथम माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री प्रचण्ड कमरेडबाट भएको छ । प्रधानमन्त्रीबाट गलहत्याइएपछि प्रचण्डमा अत्यन्त ठूलो आक्रोशको ज्वाला दन्किन थालेको छ । देशव्यापी कांग्रेस-एमाले खासगरी एमाले अध्यक्ष के.पी. ओली लक्षित यो आक्रोशको ज्वाला प्रचण्डले संसदीय सदनमा पनि पोख्न थालेका छन् । के गरु र के न गरु छट्पटाहट, उकुसमुकुस एक प्रकारले असन्तुलित मनस्थितिकै जस्तो व्यवहार दिनहुँ प्रचण्डबाट देखिन थालेको छ । यस्तो व्यवहार बाहिर बाहिर मात्रै होइन सदनभित्र समेत प्रचण्डले देखाउन थालेका छन् । यसै क्रममा केही दिन पहिले सदनमा प्रचण्डले वर्तमान केपी ओली नेतत्वको सरकारलाई दलालको सरकार भन्दै आफूलाई यिनै विदेशी दलाल, विचौलिया र माफियाहरुद्वारा अपदस्त गरिएको आक्रोश व्यक्त गरेका छन् ।

हिजो यस्तै भनाइ कांग्रेस-एमालेले माओवादी प्रचण्डलाई भन्ने गरेका थिए । नभन्दै यसलाई स्वयं प्रचण्डले नै स्वीकार गर्दै आफूलाई प्रधानमन्त्री बनाउन कुनै एक भारतीय प्रितम सिंह पटकपटक दिल्ली धाएको बताएका थिए । त्यस्तै अहिले पनि यो कांग्रेस-एमाले संयुक्त गठबन्धन सरकार निर्माणका लागि कुनै एक व्यक्ति रामेश्वर थापाको ठूलो भूमिका रहेको प्रम ओली र कांग्रेस सभापति देउवा खुलम्खुला बताइरहेका छन् । आखिर सर्पको खुट्टा सर्पले नै देख्छ भने जस्तै प्रचण्डको दलाली ओली-देउवाले र ओली- देउवाको दलाली प्रचण्डले देखेकै हुनाले यी सब दलाल दलालहरुबिचको जुहारीले यिनीहरुको वास्तविकताको पोल खुलेको छ । आखिर यी सबै दलालका पनि दलालहरुबीचको यो आरोप- प्रत्यारोपले नेपालको वास्तविक राष्ट्रियता र स्वाभिमानको अवस्था के रहेछ र अब के हुँदैछ ? छर्लङ्ग भएको छ । यी कसैको पनि पक्ष विपक्षमा होइन समग्रमा यी सबैको विरुद्धमा संघर्षको खाँचो छ । वास्तवमा यी सबै साम्राराज्यवादी र विस्तारवादीहरुका गोटी मात्र हुन् । देशको राष्ट्रियता र स्वाभिमान अनि देश र जनताको समृद्धि र विकासका लागि यिनीहरुबाट केही हुने वाला छैन । राष्ट्रघात र जनघात नै यिनीहरुको दैनिक बनिरहेको छ ।

कुनै बेला एक अर्काका दुश्मनजस्ता देखिने यतिसम्मकि टाउको मूल्य तोकी मार्न र मर्न तयार हुने यी तीन दल र(कांग्रेस-एमाले र माओवादी) कहिले एमाले- माओवादी अनि कहिले कांग्रेस-माओवादीबीचको एकता-मिलन । तर अहिले फेरि यी तीनबिच कुकुर बिरालाको जस्तो झगडा हुने गरेको छ । खासगरी अहिले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको आक्रमणको निशाना एमाले अध्यक्ष ओलीप्रति बढी छ । देउवा- प्रचण्डबीचको सत्ता समीकरणलाई तोडी प्रचण्डलाई ओलीले सत्ताको टुप्पामा पुऱ्याए । तर पछि अहिले तिनै ओलीले प्रचण्डलाई त्यहाँबाट खसाली जमिनमा नराम्ररी पछारेर आफू सत्तासिन बनेका छन् । यस अर्थमा प्रचण्ड ओलीप्रति बढी आक्रमण हुनु स्वाभिवाक नै छ । त्यही आक्रोश अहिले बारम्बार प्रचण्डले सदन-सडक चारैतिर व्यक्त गर्दै हिडिरहेका छन् ।

प्रचण्ड र ओलीबिचको यो जुहारी अहिले एमाले र माओवादी पार्टी नेतृत्वका नेताहरुमा समेत सल्किन थालेको छ । हालै केही दिन पहिले एमाले नेता तथा सभासद योगेश भट्टराईले चालु सदनमा माओवादी अध्यक्ष प्रचण्ड लक्षित केही अभिव्यक्तमा माओवादी १० वर्षे हिंसाकै कारण देश यो अवस्थामा पुगेको आरोप लगाउन पुगे । यसको तत्काल अरु माओवादी केन्द्रका सभासदहरुले माओवादी हिंसा भनेकोमा आपत्ति गर्दै यसलाई फिर्ता गर्न चुनौती गरे । एक प्रकारले त्यहाँ ठूलै होहल्ला आरोप प्रत्यारोप चलिरहयो । त्यो १० वर्षे जनयुद्ध हिंसा नै हो भन्ने एमाले भने त्यो हिंसा नभई द्वन्द्व मात्र हो भन्ने माओवादी बीचको यो जुहारीप्रति अरु कांग्रेस लगायतका सांसदहरु भने रमिते बनिरहेका थिए । एक प्रकारले सदनमा दुई साडेको जुधाई बाच्छाको मिचाई हुनु पर्नेमा त्यहाँ अरुको रमाई खासगरी कांग्रेस रास्वपा अनि नेकपा एस रमाई बसेको देखिन्थ्यो ।

आखिर हिंसा भनेको के हो र यसप्रति माओवादी केन्द्रको आपत्ति के मा छ ? वास्तवमा अगुल्टाले हानेको कुकुर बिजुली चम्किदा पनि तर्सने भनेजस्तै माओवादीमा यसले काम गरिरहेको छ । हिजो हिंसाभन्दा बित्तिकै गर्व गर्ने माओवादीहरु आज यो सित किन यति धेरै तर्सेका होलान् ? गाँठी कुरा यसमा छ । हिंसाभन्दा बित्तिकै यति धेरै तर्सिहाल्नु पर्ने केही छैन । मार्क्सले हिंसालाई इतिहासको सुडनी हो भनेका छन् । मार्क्स-एंगेल्स र लेनिनले धेरै ठाउँमा हिंसाको कुरा उठाउनु भएको छ । हिंसाको महत्वबारे धेरै बताउनु भएको छ । यो पूर्णरुपले वैध र सुनिश्चित छ । हिंसासम्बन्धी यो मार्क्स-एंगेल्स र लेनिनको विचारलाई अझ बढी फारकिलो निर्विकल्प सिद्धान्तको रुपमा क. माओले परिभाषित गर्दै भन्नुभएको छ-'विना अपवाद हिंसा एक विश्वव्यापक नियम हो ।' यसलाई पुष्टि गर्दै क. गोञ्जालोले भन्छन्-'क्रान्तिकारी हिंसा, हिंसा नै एक मात्र त्यस्तो साधन हो जसले देशलाई सेनाको साहाराले र जनयुद्धद्वारा मूलभूत अन्तर्विरोधहरु हल गर्ने अवसर दिन्छ । यो मार्क्सवादको एक सारभूत प्रश्न हो । किनभने क्रान्तिकारी हिंसा विना हामी एक वर्गको स्थानमा अर्को वर्गलाई खडा गर्न सक्दैनौ, नयाँ व्यवस्था आजको सन्दर्भमा कम्युनिष्ट पार्टीहरुको माध्यमले सर्वहारा वर्गद्वारा नेतृत्व गरिएको नयाँ व्यवस्था निर्माण गर्ने उद्देश्यले पुरानो व्यवस्थालाई ढाल्न सक्दैन ।' यसको निचोडमा क्रान्तिकारी हिंसा विना क्रान्तिकारी जो कुनैले पनि आफ्नो क्रान्तिकारी नयाँ सत्ता स्थापना गर्न सक्दैन । त्यसैको आधारमा नै, रुस-चीन लगायतका थुप्रै मुलुकहरुमा क्रान्ति भयो र, त्यहाँ मुक्ति भयो ।

स्वयं नेपालका माओवादीहरुले १० वर्षे माओवादी जनयुद्धको थालनी नै यसैबाट सुरु गरेका थिए । त्यतिबेला उनीहरुले अघि सारेको प्रस्तावनाको पहिलो बुँदामा नै उनीहरुले यो भनेका थिए-'हाम्रो योजना क्रान्तिकारी हिंसासम्बन्धी मालेमावादी शिक्षामा आधारित हुनेछ ।' तर अहिले यी माओवादीहरु यसप्रति यति धेरै आतंकित किन भएका होलान् ? प्रश्न यहाँ छ किनकि आजको यो माओवादी नेतृत्व माथि अगुल्टाले हानेको कुकुर जस्तै हिंसा सम्बन्धी क्रियाकलापका त कुरा परै छाडौं शब्द समेतसित यसरी धेरै तर्सेका किन ? मानौं यो उनीहरुको लागि भूत-राक्षस जस्तै भएको छ । उनीहरुद्वारा संचालित त्यो माओवादी जनयुद्ध उनीहरुकै लागि अभिसाप बनेको छ । देशी तथा विदेशी प्रतिक्रियावादी शक्ति केन्द्रहरुका अगाडि तत्कालीन माओवादी नेतृत्व यति धेरै उठ बस गरिसकेको छ मानौ अब त्यसको नाम-निसाना नै नलिऊँ, शब्द उच्चारणप्रति नै इलर्जी भइसकेको छ । यही हो माओवादी जनयुद्धप्रति गरिएको महान् ठूलो गद्दारी र विश्वासघात । माओवादीसहितको नेपालमा सात संसदीय दलहरुबीच सम्पन्न १२ बुँदे दिल्ली समझदारी सम्झौता यसैको उपज हो ।

कांग्रेस-एमालेलाई यो कुरा राम्ररी थाहा भएकाले बेला मौकामा हिजो माओवादीहरुले बोल्दै र प्रयोग गर्दै आएका यस्ता कुरा र शब्दहरु उठाइदिएर उनीहरुलाई उत्तेजित पार्ने र तर्साई त्वाम शरणम् गराउने नियतवश नै पटकपटक सदनमा यस्ता प्रश्न उठाउने गरिएको छ । नत्र भने माओवादी हिंसा भन्दा बित्तिकै किन यस्तो आपत्ति देखा परिहाल्छ माओवादीहरुमा ? वास्तवमा १० वर्षे माओवादी जनयुद्ध हिंसात्मक युद्ध नै थियो त्यो जनताको क्रान्तिकारी हिंसा थियो जसको सहाराबाट पूर्ण रुपले देश र जनताको मुक्ति गराउनु थियो । तर यस्तै नेतृत्वको कायरता र गद्दारीले गर्दा त्यसको घाँटी रेट्ने काम भयो । तै पनि माथि मार्क्स र माओले भने जस्तै हिंसा इतिहासको सुडानी हो । हिंसा विना अपवाद एक विश्व व्यापक नियम हो । निश्चय नै कोही नेता कार्यकर्ता अनि क्रान्तिकारी जनता यसबाट डराई हाल्नु पर्ने केही छैन । तर जो अपराधी छ, जो जनघाती र राष्ट्रघाती छ, जो सामन्ती दलाल र नोकरशाही बुर्जुवा छ, जो प्रतिक्रान्तिकारी गद्दार संशोधनवादी छ त्यसका लागि भने हिंसा काल र आतंक नै छ ।

# हरितालिका तिज र यसको महत्व

ऋषभदेव घिमिरे

हरितालिका तिज महिलाहरुसँग सम्बन्धित छ भन्ने बुझिन्छ । तिजको आफ्नै महत्व छ । धार्मिक कथनहरुलाई हेर्ने हो भने हिमालय पुत्री पार्वतीको विवाह भगवान विष्णुसँग गरिदिने पिता, माताको वचन पार्वतीलाई चित्त बुझेन । सानै उमेरदेखि शिवलाई पति पाउँ भन्ने दृढता पार्वतीमा थियो । सोहि कारण माता पार्वतीले शिवलाई मनले पति धारण गरिसकेकी थिइन् । उनी जंगलमा गएर कठोर तपस्या गर्न थालिन् ।

दिव्य एकसय वर्ष तपस्या गर्दा पनि तपस्याको फल प्राप्त नभएपछि पार्वतीले शिवलिङ्ग स्थापना गरी तपस्यालाई थप उचाईमा पुऱ्याउन थालिन् । कठोर र एकाग्र चित्तले तप गरेको कारण शिवजी प्रकट भइ चिताएको कुरा पुगोस् भनि आशिर्वाद दिए र पार्वतीले शिवलाई पति प्राप्त गर्न सफल भइन् भन्ने धार्मिक किम्बदन्तीहरु छन् ।

विशेष संकल्प दृढता, एकाग्रता र निरन्तरताले नै सफलता प्राप्त गर्न सकिन्छ भन्ने दृष्टान्त बोकेको यस हरितालिका तिज पर्वको महत्व आफैँमा विशिष्ट छ । पार्वतीले यो व्रत प्रारम्भ गरेको मुख्य दिन यही भाद्र शुक्ल द्वितियाबाट हो । चार दिनसम्म चल्ने यस पर्वको आफ्नै विशेषता र महत्व रहेको पाइन्छ ।

**कसरी मनाउने हरितालिका तिज ?**

खास गरी हिन्दू नारीहरु विवाहित वा अविवाहित सबैले यो पर्वलाई मनाउने र धारण गर्न सक्छन् । भाद्र शुक्ल द्वितीयादेखि भाद्र शुक्ल पञ्चमीसम्म चल्ने चार दिनको यो पर्वलाई स्वतन्त्रता र आनन्दमय उल्लासको रुपमा पनि लिइन्छ । विशेषतः भगवान शिवकै पुजा र आरधाना गरी मनाइने हरितालिका तिजको व्रतले पतिको आयु, आरोग्य, ऐश्वर्य तथा स्वस्थ्य राम्रो र सम्मुनत हुने विश्वास परापूर्वकालदेखि नै रहिआएको छ । स्वयं माता पार्वतीले पति शिवलाई पति पाउँ र शिवको स्वास्थ्य, आयु एवम् ऐश्वर्यमा कुनै बाधा नपुगोस् भन्ने दृढ चाहना राखेर व्रत उपासमा गरिएकाले सोही प्रसंगले निरन्तरता पाइरहेको विश्वास व्रतालु एवं धर्मावलम्बीहरुमा रहनु स्वभाविक हो । यस्तो पवित्र उद्देश्य र संकल्प रहेको हरितालिका तिजको नामले प्रख्यात पर्व केही समय यता धार्मिक पर्वका नाममा सामाजिक विकृति बनेर आइरहेको छ ।

तिज महोत्सव, तिज महामेला, तिज माहाकुम्भ, तिज फेस्टिबल, तिज त्यौहार जस्ता अनेक नामले तिजको धार्मिक-सामाजिक महत्व खस्कँदै गइरहेको छ । विशेषतः यस पर्वलाई चेलिबेटी तथा दिदीबहिनी पुनर्मिलनको आनन्दमय उत्सवको रुपमा मनाउनुपर्ने मान्याता हो । अहिले आएर होटल रेष्टुरेण्ट, बार, पाटीप्यालेस मात्र नभइ शिक्षक शिक्षिका तथा अभिभावक भेला भएर स्कुलमा, कर्मचारीहरु आ-आफ्नो दल विशेषका युनियनहरुमा, पेशागत संघसंस्थाहरु आ-आफ्नो कार्यालयमा, वनभोजमा तथा ट्रेकिङ्ग र हाइकिङ्मासमेत तिज अनि दरको संस्कृति विकृति बनेर अगाडि बढ्दै गइरहेको छ । तिजको धार्मिक संस्कृतिक एवं सामाजिक महत्व दिनानुदिन घट्दै गइरहेको पाइन्छ ।

लामो समयसम्म भेटघाट नभएका चेलिबेटी माइतीमा भेला भएर सुख दुःख, उन्नति प्रगति आदिका बारेमा चर्चा परिचर्चा गर्दै दाजु-भाइ, माता पिता सबैको सामूहिक उल्लासलाई उल्लासमय रुपमा माइतीको गाउँ, ठाउँ र देशमा मनाउनु पर्ने पर्वको अहिले आएर पाटीप्यालेस र ब्याङ्केटलाई माइती मानेर मनाइँदै जान थालिएको छ । यसले हाम्रो धर्म, संस्कृति, संस्कार र सामाजिक अवस्थालाई कता लैजाँदै छ भन्ने स्वयं तिजको रमझममा रमाइरहेका हामी सबैले सोँच्नु पर्ने बेला आएको छ ।

मुलुकको उत्पादनमुखि अर्थतन्त्र खस्कँदो छ । तिजको भड्किलो दर कार्यक्रम, टिकट, चिठ्ठा एवं कक्टेल दर तथा डिनर जस्ता कार्यक्रम अनुत्पादक अर्थतन्त्रका द्योतक हुन् । सरकारले फजुल खर्च कम गर्ने, दरका नाममा हुने विकृति नियन्त्रण गर्ने र पार्टी प्यालेसहरुमा सांस्कृतिक विकृती नियन्त्रण गर्ने कानुन पनि निर्माण गरेको छ । हामी सरकारलाई दर खाई टन्न भएर गाली पनि गर्छौं । सरकारले केही गरेन पनि भन्छौं । सोचौं त सरकारले फजुल खर्च कम गर भनेको छ, नियन्त्रण गर्ने ऐन कानुन छ । हामीले चाहिँ कहाँ र कहिले पालना गर्यौं त ? यस्ता प्रश्नहरु धेरै छन् र प्रायः अनुत्तरित पनि छन् ।

हरितालिका तिज संकल्पको पर्व हो । उपबास र उपासनाको पर्व हो । संस्कृतिलाई विकृती होइन सुसंस्कृत बनाउने संकल्पसहितको पर्व हो । हामी सबै नारी पुरुषले यसलाई संस्कारयुक्त बनाउन सकेनौं भने तिज दिन प्रतिदिन खर्चालु, भड्किलो र सामाजिक रुपले विषाक्त बन्दै जाने छ ।

हरितालिका तिजको प्रथम दिन अर्थात् भाद्र शुक्ल द्वितीय दर खाने दिन हो शरीरलाई पोषकयुक्त, गुणस्तरीय एवं स्वास्थवर्धक वस्तु खाएर मनाउनु राम्रो हुन्छ । दोस्रो दिन हरितालिका तिज भाद्र तृतीय, मुख्य व्रत र उपासनाको दिन हो । उप र वास, उप अर्थात नजिक र वास भनेको बस्नु हो । कसका नजिक बस्नु ? भगवानका नजिक बस्नु सत्यको निकट बस्नु असत्य, अहङ्कार विकृती र विसंगतीबाट टाढा रहनु नै उपबासको सही अर्थ र व्रतको सार्थकता हुने भएकाले शान्त, प्रसन्न एवम् दृढ संकल्पका साथ हरितालिकाको व्रत बस्नाले सबैका लागि हितकार हुन्छ ।

शरीर, मन र वचनले शुद्ध भएर दियो, कलश गणेश स्थापित गरी उमामहेश्वरको पूजा गरी आफ्नो संकल्पलाई सार्थक पार्न गरिने निस्काम व्रत नै हरितालिका तिजको प्रमुख व्रत मानिन्छ । 'उमामहेश्वरसामुज्य सिद्धेये हरितालिका व्रतमहं करिस्ये' भन्ने संकल्पका साथ शिव पार्वतीको प्रतिमामा पूजा गर्नाले नै पतिको अतिरिक्त सम्पूर्ण परिवारको नै आयु, आरोग्य, सौभाग्य एवम् श्रीवृद्धि हुने विश्वास यस व्रतको हो । हरितालिका व्रत कथा सुन्ने चलन पनि छ । शिवजीले पार्वतीलाई पूर्व जन्मको स्मरण गराएको महात्म्य नै हरितालिका व्रत कथा हो । एवं रितले तेश्रो दिन गणेश चौथी पर्दछ । व्रतको उद्यापन गरी सामान्य शुद्ध भोजन गरी पञ्चमी पूजा गरेपछि हरितालिका तिज समाप्त हुन्छ ।

**तिजमा के गर्ने के नगर्ने ?**

पवित्र उद्देश्य र दृढ संकल्पका साथ सम्पन्न गरिने अनुष्ठानमा दरका नाममा अभक्ष, अखाद्य एवम् आफ्नो स्वास्थ्यलाई प्रतिकुल असर गर्ने भोजन नगर्ने । हामीले सुन्दै र पढ्दै आइरहेका छौं कि कहीँ अखाद्य भोजनका कारण गाउँ नै बिरामी पऱ्यो । कहीँ इनारको पानी प्रयोग गरि दर पकाएका कारण वडाका सबै महिला बिरामी परे । कहीँ दर खाएर घर फर्कंदै गरेकी युवती दुर्घटनामा परिन् । यी र यस्ता समामचार थुप्रै छन् । अतः आफ्नो इष्टमित्र, अत्यन्त निकट छिमेकी तथा साथीभाइबीच सम्बन्ध सुमधुर बनाउनु सुखद् विषय हो । सम्बन्ध दर खाएर र खुवाएर मात्र सुदृढ हुने होइन । यो त व्यवहार, आदर्श र भावनाले हुने विषय हो । यो वर्ष जे गऱ्यौं गऱ्यौं, आगामी दिनमा अनुत्पादक दर र अनुत्पादक तिजलाई टाढैबाट नमस्कार गरौं । मौलिक संस्कृति अनुरुप हरितालिका पर्व मनाउने संकल्प यही तिजबाट लिन सक्यौं भने मात्र व्रतको र हरितालिकाको मुख्य फल प्राप्त होला ।

हामी सामाजिक प्राणी, कतिपय मानिस एक पत्ता जीवन जल र एउटा गोली सिटामोल नपाएर मृत्युवरण गर्न बाध्य छन् । कतियप हामी नवसंभ्रान्त भनिनेहरु दैनिक दरका नाममा फजुल खर्च गरिरहेका छौं । के हामीले दर नखाएर दिनहिनहरुको सेवा गर्न सक्दैनौं ? अनुत्पादक खर्चलाई उत्पादनमुखी बनाउन सक्दैनौं ? सौंचौ 'हरितालिका तिजको उपहार विपन्न बालबालिकाहरुलाई पुरस्कार' भन्ने सौंच पनि बनाउन सक्छौं । यो तिजले नकारात्मक भावनाहरुको अन्त्य गरी सकारात्मक सौंच र भावनाको विकास गर्न सक्नु पर्दछ ।

हामी व्रतालुहरु व्रतको दिन मन्दिर जन्छौं, गहना तिजको संस्कृति नै हो । हामी तिजमा विशेष श्रृंगार गर्छौं, गच्छेअनुसारको पहिरन लगाउँछौं । सोचौं गहना दुर्घटनाको कारण नबनोस् । भड्क्लिो श्रृंगार र पोशाक बलात्कारको समाचार नबनोस् । तसर्थ ठीक गरगहना र मन्दिर जाँदाको होसियारीप्रति सबैको ध्यान पुग्नु जरुरी छ । श्रृंगार तथा गरगहना उत्ताउलो होइन शालिन र भद्र होस् । तिज संस्कार र संस्कृतिले पूर्ण बन्नु सक्नु पर्दछ । यसैमा छ तिजको महत्व ।

निर्जल वा निराहार व्रत बस्ने प्रचलन छ तिजको । तर आफ्नो शरीर र स्वास्थ्यलाई ख्यालमा राखी पानी, जुस, फलफूल र दूध खाने चलन छ । कठोर व्रतले शरीर अनुसार हानी पनि गर्छ अतः आफ्नो स्वास्थ्यलाई ध्यानमा राखी निराहार वा फलाहार रोज्ने त्यो व्रतालुको विचार इच्छा र स्वास्थ्यमा भर पर्ने विषय हो । धर्मका नाममा जबर्जस्ती व्रत पनि बस्नु हुँदैन् । जबर्जस्ती व्रत स्वयंमा प्रत्युत्पादक हुन्छ । सबैलाई तिजको शुभकामना ।

# ‘जनयुद्धलाई हिंसा भन्नेको भण्डाफोर गर्नुपर्छ’



बुटवल । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सत्तारुढ दलका नेताहरुले संविधान विपरीतका अभिव्यक्ति दिइरहेको भन्दै त्यसको भण्डाफोर गर्न कार्यकर्तालाई निर्देशन दिएका छन् ।

शेरमान कुँवर र मोहनचन्द्र गौतमको स्मृतिमा पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बिहीबार आयोजित श्रद्धाञ्जली कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डले कार्यकर्तालाई सो निर्देशन दिएका हुन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रचण्डलाई राउण्ड किक् हानेको भनेर दिएको अभिव्यक्तिको पनि प्रचण्डले जवाफ फर्काए । उनले भने-‘प्रचण्डलाई राउण्ड किक् हानेको भनेर पनि बोलेछन्, प्रधानमन्त्रीमा बसेका मान्छेले । अब जनताको राउण्ड किक् कस्तो हुन्छ तिनले देख्नेछन् ।’

पूर्वप्रधानमन्त्री प्रचण्डले यस्ता अभिव्यक्ति र प्रवृत्तिको भण्डाफोर गर्नुपर्ने बताए ।

संविधानको ब्याख्यात्मक टिप्पणीमा सशस्त्र संघर्ष भनेर माओवादी जनयुद्धलाई बुझाउने छ भनेर स्पष्टसँग लेखिए पनि सत्तारुढ दलका कतिपय नेताहरुले संविधानको व्यवस्था विपरीत बोलेको गुनासो समेत प्रचण्डले गरे । ‘अहिले कतिपय सत्तारुढ दलका नेताहरुले जनयुद्धलाई हिंसा, हत्या, आतंक थियो भन्ने दुस्साहस गर्ने गरेका छन्, संविधान विपरीत बोल्ने नेताहरुको भण्डाफोर गर्नुपर्छ,’ प्रचण्डले भने-‘संविधानमा भएको यथार्थलाई जोडदार रुपमा जनतामा लैजानुपर्छ ।’

# मणिमुकुन्दमा तिज गीत र नृत्य प्रतियोगिता



बुटवल । मणिमुकुन्द कलेजमा हरितालिका तिजको अवसरमा तिज गीत तथा नृत्य प्रतियोगिता सम्पन्न भएको छ । कक्षा ११, १२ र बीबीएसका विभिन्न समूहबिच भएको प्रतियोगितामा बीबीसा रावल, क्रिस्टी गौतम, पारीना खत्री, आयुशा परियारको समूह प्रथम, आरती सर्तुङे, प्राप्ती सापकोटा, प्रिया काउचा, अञ्जिला थापा र सचिना पौडेलको समूह दोश्रो, कालिका थापा तेश्रो र सुप्रिया पन्थी, सोनिका सुबेदी, इन्दु अधिकारी,अन्बेशा न्यौपाने, मन्दिका डुम्रे र आकृति गुप्ता सान्त्वना भएका छन् ।

नृत्य निर्देशक संघ रुपन्देहीका अध्यक्ष सुन्दर गरुङ र सृस्टी पुन निर्णायक रहेका कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गमप्रसाद रेश्मी, प्राचार्य टुकबहादुर क्षेत्री, सह- प्राचार्य दिवाकर खनाल, विज्ञान संयोजक लक्ष्मण गैरे, व्यवस्थापन संयोजक पशुपती चौधरी, बीबीएस संयोजक दिनेश पाण्डेलगायतले मन्तव्य व्यक्त गर्दै तिजको मौलिकता र साँस्कृतिक पक्ष जगेर्नाका लागि कार्यक्रम गरिएको बताए ।

कार्यक्रममा विद्यार्थीहरु गरिमा रेग्मी, आशिका आचार्य, कृपा घिमिरे, काजल खत्री र विद्या भुसालले आ-अफ्नो भूमिका निभाएको व्यवस्थापन समिति सदस्य तथा प्राध्यापक उमापति न्यौपानेले जानकारी गराए ।

### करोडौंका...

लुम्बिनी प्रदेश सरकारकै सहयोगमा तिनाउ गाउँपालिका-२, दोभान नुवाकोटमा तीन करोड ८४ लाखमा साँस्कृतिक डबली निर्माण भएको छ। डबली घाँस उम्रिएर पुरिदै गएको छ।

तिनाउ गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठले नुवाकोटमा निर्माण भएको डबली निर्माण सकिए पनि हस्तान्तरण नभएको बताए । हस्तान्तरण भइहालेमा पनि कसरी सञ्चालन गर्ने भन्ने योजना गाउँपालिकामा छैन् । अध्यक्ष श्रेष्ठले भने-‘हामीलाई हस्तान्तरण गर्दैमा चलाउन सकिन्छ भन्ने छैन । हामी प्रयास गर्छौं ।

दाङको घोराही उप-महानगरपालिका-१८, घोडदौरामा निर्माण भएको सांस्कृतिक डबलीको अवस्था पनि उस्तै छ । साढे ११ करोड लगानीको यो योजनाको पनि उपयोग भएको छैन् ।

**अस्पतालको कन्त बिजोग, योजना बने बजेट छैन**

गुल्मीको गुल्मीदरबार गाउँपालिकामा १२ करोड ९४ लाख ५६ हजार लागतमा १५ शैयाको अस्पतालको भवन एक वर्षअघि निर्माण भइसकेको थियो । अर्जुन बिल्डर्स एण्ड कर्न्टक्सनका सञ्चालक विजय खनालका अनुसार गाउँपालिकाले सबै रकम भुक्तानी दिएको छैन, भवन बुझ्न पनि मानेको छैन । अस्पताल चल्ने सुरसार छैन । यहाँका बिरामीहरु सामान्य उपचारका लागि पनि तानसेन वा बुटवल आउनुपर्ने बाध्यता छ । गाउँमै स्वास्थ्य सुविधा पाउने अपेक्षामा रहेका नागरिकहरु अहिले निराश छन् ।

भवन हस्तान्तरण भए पनि अस्पताल चलाउने पैसा, चिकित्सक र योजना पालिकासँग छैनन् । गुल्मीदरबार गाउँपालिका अध्यक्ष सरोजकुमार थापाले अस्पताल भवन सञ्चालनका लागि प्रक्रिया अघि बढाइएको बताए । निर्माणको रकम निकासाका लागि मन्त्रालयमा पटक-पटक पत्राचार र कुरा गरिए पनि ढिलाइ भएको पनि उनले जनाए ।

प्रदेश तथा स्थानीय सरकारले योजना तय गरेर पर्याप्त बजेट विनियोजन गर्न नसक्दा आयोजनाहरु निर्माण नसकिँदै जीर्ण बन्ने अवस्थामा पुगेका छन् ।

लुम्बिनी प्रदेश सरकारमार्फत् प्यूठानको झिमरुक खोला, पाण्डेडाँडा-बुढाचौर लिफ्ट खानेपानी आयोजनाको काम आर्थिक वर्ष ०७७/०७८ मा सुरु भएको थियो । यस आयोजनाबाट १ सय ४६ घरका मानिसले फाइदा पाउँछन् । ३ करोड ६५ लाख रुपैयाँ लागत अनुमान गरिएको आयोजनामा ४ आर्थिक वर्षमा ५३ लाख मात्रै बजेट विनियोजन भएको छ । उक्त आयोजना सम्पन्न गर्न अझैं ३ करोड १२ लाख रुपैयाँ चाहिन्छ । यही दरमा बजेट विनियोजन भए यो आयोजना बनिसक्न अझैं २३ वर्ष पर्खनुपर्छ ।

प्यूठानकै माझकोट घाय झुलेनी खानेपानी आयोजना पनि लुम्बिनी प्रदेश सरकारको आयोजना हो । ०७६/७७ बाट सुरु भएको यो आयोजनामा ९ करोड ३२ लाख ५८ हजार रुपैयाँ लाग्ने अनुमान गरिएको छ । आयोजनासम्पन्न भएमा ६ सय ८५ घरधुरीलाई लाभ पुग्नेछ । तर यस आयोजनामा पछिल्ला पाँच आर्थिक वर्षमा १ करोड ८३ लाख रुपैयाँ मात्रै बजेट विनियोजन भएको छ । हालसम्म ट्यांकी मात्रै बनेको छ ।

योजना आयोगका पूर्व उपाध्यक्ष पोखरेल तीन तहकै सरकारमा योजना अनुसारको बजेट विनियोजन नगर्ने परिपाटी बसेकाले यसले झन नराम्रो असर पार्ने बताउँछन् । ‘जनताको आँखामा छारो हाल्न योजना किन बनाउनुपर्छ,’ उनी भन्छन्-‘जति क्षमता र आवश्यकता छ, त्यसैअनुसार योजना बनाउने र कार्यान्वयन गर्ने परिपाटी बसाल्न ढिलाइ गर्नु हुँदैन ।

### आज...

निराहार, जलाहार र फलाहार गरी व्रतका तीन किसिम रहेको बताउँदै उनले सक्नेले निराहार, नसक्नेले जलाहार र जलाहार पनि नसक्नेले फलाहार व्रत गर्नु उत्तम हुने बताए । स्वास्थ्य ठीक नहुनेले गहुँको रोटी, मकैको रोटी जस्ता फलाहार गरेर पनि व्रत बस्न सक्ने पनि गौतमले बताए । हरितालिका तीजको अवसरमा लुम्बिनी प्रदेश सरकारले आज प्रदेभर सार्वजनिक बिदा दिएको छ ।

### भैरहवा...

चाइना साउदर्न एयरलाइन्सले पोखरा र भैरहवास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्ने जानकारी गराएपछि मन्त्री पाण्डेले पर्यटकीय राजधानी पोखरा र भगवान गौतमबुद्धको जन्मस्थल भैरहवा उडानका लागि सरकारले स्वागत गर्ने बताए ।

यसबाट द्विपक्षीय हित र आपसी सम्बन्ध विस्तारमा फाइदा पुग्ने उनको भनाइ छ । यस उडानले नेपाल र चीन दुवै मुलुकलाई फाइदा पुग्ने उनको भनाइ छ ।

मन्त्री पाण्डेले नेपालको राष्ट्रिय ध्वजाबाहक नेपाल एयरलाइन्सले चाइना साउदर्न एयरलाइन्सबाट हवाई सुरक्षाबारे लाभ लिन सक्ने बताए ।

### चेक...

पूर्वअर्थमन्त्री वर्षमान पुनले भने पछिल्लो समय चेक अनादरका केसहरू वृद्धि हुँदै गएको बताए । उनले बैंकिङ कसुर तथा सजायसम्बन्धी विधेयक चेक काट्नेहरूलाई सहजीकरण हुने तरिकाले आएको जनाए । उनले ३० दिनको म्याद राख्दा चेक दिएर पैसा दिनसक्छ भन्ने गरी व्यवस्था गरिएको देखिएको भन्दै विधेयकले आर्थिक कारोबारलाई सकेसम्म मेलमिलापको बाटोमा जानु ठिक भएको बताए । चेक अनादर हुने बित्तिकै अदालत जाँदा पैसा पाउनुपर्ने मानिसले समेत नपाएको अवस्था रहेको बैठकमा पुनले सुनाए ।

नेपाली कांग्रेसका सांसद तथा पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले बैंकिङ कसुर तथा सजायसम्बन्धी विधेयक रकम प्राप्त गर्नुपर्ने व्यक्तिले पाउनुपर्ने रकम प्राप्त गर्ने सुनिश्चित गर्नु राज्यको दायित्व भएको बताए । उनले चेक अनादरको विवाद मिलानको लागि एक महिनाको समय ठूलो नभएको जनाए । साथै, उनले बैंकका चेक जम्मा भएको एक महिना म्याद राख्नु ठिक हुने बताए ।

पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले पनि चेक अनादर गर्ने प्रवृत्ति रोक्ने गरी कानुन बन्नुपर्ने बताए । उनले कानुन कार्यान्वयनको लागि सहजीकरण हुनेगरी कानुन बनाउनुपर्ने उल्लेख गरे । बैंकिङ कसुर तथा सजायसम्बन्धी कानुनलाई व्यवहारिक र चेक अनादर हुने अवस्था सिर्जना नहुने विषयमा कानुन बनाउँदा ध्यान दिन जरुरी रहेको उनले जनाए ।

### अखिल...

‘अहिलेको अवस्थामा पार्टीभित्र र भातृ संगठनहरुमा पनि सुदृढ एकता र सहमति हुनुपर्ने हो, विद्यार्थीको अधिवेशनमा त्यो हुन नसकी कमजोरी भएको छ ।’-जीसीले भने । यो विषयलाई पार्टीभित्र नेताहरुको गुटगत प्रतिस्पर्धाको रुपमा बुझ्न नहुने उनले जनाए । अधिवेशनको उद्घाटनमा केन्द्रीय नेताहरु वर्षमान पुन, बलदेव खनाल, दीपेश पुनलगायत नेताहरु उपस्थित थिए ।

# कञ्चनमा दुई हजार बिरुवा रोपियो



कञ्चन । रुपन्देहीको कञ्चनमा २२औं निजामती दिवसको पूर्वसन्ध्यामा विभिन्न प्रजातीका बिरुवाहरु रोपण गरिएको छ । कञ्चन गाउँपालिकाको कार्यालय परिसरमा सौन्दर्यकरण कार्यक्रमअन्तर्गत स्वामी, हेज, मखमली र बाह्रमासे फूलका बिरुवाहरु रोपण गरिएको हो ।

वृक्षरोपण कार्यक्रमको शुभारम्भ गर्दै कञ्चन गाउँपालिकाका अध्यक्ष नवाराज ढकालले स्थानीय तहहरुमा भन्दा कञ्चनको सेवा प्रवाहलाई पारदर्शी, नियमित असल शासनको प्रत्याभूति हुनेगरी कार्यगर्ने स्थानीय तहको रुपमा विकास गर्न सबै कर्मचारीहरुमा उर्जा थपिने विश्वास व्यक्त गरे ।

यसैगरी प्रमुख प्रशासकीय अधिकृत सागर गौतमले व्यवसायिक र सृजनशिल प्रशासन, विकास, समृद्धि र सुशासन भन्ने निजामती सेवा दिवसको मूल नाराको मर्मलाई अक्षरसः पालना गर्दै पालिकाको सेवा प्रवाहलाई गुणस्तरीय र विश्वासयोग्य बनाउन सबै लाग्नुपर्ने बताए ।

प्रमुख प्रशासकीय अधिकृत सागर गौतमको अध्यक्षता तथा धनपति ज्ञवालीको सहजीकरणमा भएको वृक्षरोपण कार्यक्रममा पालिकाको कार्यालय परिसरमा दुई हजार बिरुवा वृक्षरोपण गरिएको थियो । कार्यक्रममा पालिका कर्मचारी, ५ वटै वडा कार्यालयका कर्मचारी, सेतो गुराँसका प्रतिनिधिलगायतले वृक्षारोपण गरेका थिए ।


## बाणगंगा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**बाणगंगा, कपिलवस्त**
**लुम्बिनी प्रदेश, नेपाल**

## लिलाम बढाबढको सूचना

सुचना मिति : २०८१ साल भाद्र २१ गते शुक्रबार

प्रस्तुत बिषयमा बाणगंगा नगरपालिका अर्नूतगत श्रृङ्गिघाट सिचाई योजनाको नहर सफाई गर्दा निसकिएको नदीजन्य पदार्थ ढुङ्गा,गिट्टी बालुवा आदी नहरको किनारमा धुपारी राखिएकोमा सो नदीजन्य पदार्थ लिलाम बढाबढ गरी विकि गर्नु परेकोले मूल्य अभिवृद्धि करमा दर्ता भएको इच्छुक संस्था, फर्म, कम्पनीले आफुले लिन चाहेको लिलाम ठेक्काको शिलबन्दी दरभाउपत्र फारम दस्तुर फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले तपसिलमा उल्लेखित समय भित्र शिलबन्दी दरभाउपत्र फारम खरिद गरी आफुले कबुल गरेको ठेक्का रकम स्पस्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आप्नो प्रतिनिधि द्धारा आफुले बोलकबोल गरेको रकमको मुल्य अ. कर सहित ठेक्का रकमको ५% का दरले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा कृषि विकास बैक जीतपुर शाखामा रहेको धरौटी हि. नं ०४१५६०१६१७१८८१७० मा जम्मा गरी त्यसको सक्कल प्रति भौचर तथा शिलबन्दी दरभाउपत्र खरिद गरेको रकम रु.१०००/- कृषि विकास बैक जीतपुर शाखाको नगरपालिकाको आन्तरिक राजस्व खाता नं.०४१५६०१६१७१८८०१४ मा नगरपालिकामा आई जम्मा गरी सो को सक्कल प्रति भौचर वा ९० दिन सम्म म्याद भएको नेपाल राष्ट बैंक वा राष्ट्र बैक बाट मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको विडवन्ड बोलपत्र साथ राखि निर्दिष्ट स्थानमा बोलपत्र दाताको सहि छाप गरी तोकिएको दिनको १२ बजे भित्र यस कार्यालयमा दरभाउपत्र पेश गर्नु हुन सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने लगायतका सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ । थप जानकारीका लागि नगरपालिकाको सुचना पाटिमा हेर्न वा कार्यालयको राजस्व शाखामा सम्पर्क गर्नहुन जाकारी गराईन्छ ।

विवरणः

| ठे.न. | लिलाम गरिने सामानको विबरण | कार्यालयको न्यूतम अंक | दरभाउपत्र खरिद रकम | कैफियत |
|---|---|---|---|---|
| १०/०८१/८२ | गजेहडा कुलो डिलमा र मुल नहरको झण्डा सुगहवा माथिल्लो खण्डमा थुपारी राखिएको नदीजन्य पद्धार्थ परिणाम ३,१३४.६१ घनमिटर | रु.१७,६९,४२४.०९/- (मु.अ.कर बाहेक) | रु.१,०००/- | |

**दरभाउपत्र खरिद गर्ने अवधी – २०८१/०५/२१ देखि २०८१/०६/०६ गते ०५ बजे सम्म**
**दरभाउपत्र दाखिला गर्ने अवधी – २०८१/०५/२१ देखि २०८१/०६/०७ गते १२ बजे**
**दरभाउपत्र खोलिने मितिः २०८१/०६/०७ गते दिनको २.०० बजे**

**भक्तिराम मरासिनी**
**प्रमुख प्रशासकीय अधिकृत**



लुम्बिनी प्रदेश सरकार
उद्योग पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
## घरेलु तथा साना उद्योग कार्यालय
गुल्मी, नेपाल

## निःशुल्क तालिम सञ्चालनसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०५/२१

प्रस्तुत विषयमा यस कार्यालयको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित विभिन्न सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन गरिने हुँदा तालिम लिन इच्छुक उद्यमी तथा व्यक्तिहरुले यस कार्यालयमा उपस्थित भइ वा यस कार्यालयको इमेल ठेगाना csidbgulmi@gmail.com मार्फत् यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आवेदन पेश गर्नुहुन यसै सूचनामार्फत् जानकारी गराइन्छ ।

तपसिलः

| सि.नं. | सीपमूलक तथा व्यावसायिक तालिमको नाम |
|---|---|
| १ | स्लेट ढुङ्गा सम्बन्धी तालिम तथा प्रविधिमा सहयोग |
| २ | कफी उद्योगको विकास र प्रवर्द्धनका लागि तालिम तथा प्रविधिमा सहयोग |
| ३ | Motorcycle Mechanic Training (३९० घण्टे सीप परीक्षण समेत) |
| ४ | उखुबाट विभिन्न उपभोग्य निर्माण तालिम तथा प्रविधिमा सहयोग |

**प्रशिक्षार्थीको योग्यता, संख्या र छनौट तथा आवश्यक कागजातः**
- १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक हुनुपर्ने । नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नुपर्ने ।
- लुम्बिनी प्रदेशभित्र स्थायी रुपमा बसोबास गरेको हुनुपर्ने ।
- प्रारम्भिक तालिमको हकमा यसअघि उक्त विषयको तालिम नलिएको स्वघोषणा पेश गर्नुपर्ने ।
- प्रशिक्षार्थीले तालिममा सहभागिता जनाउन कार्यालयसमक्ष दिने निवेदनसाथ उक्त तालिमपश्चात् निजले प्राप्त गर्ने सीप उपयोगको लागि व्यावसायिक योजना समेत पेश गर्नु पर्नेछ ।
- आवश्यक संख्याभन्दा बढी आवेदन पेश भएमा यस कार्यालयले निर्धारण गरेको मापदण्ड बमोजिम प्रशिक्षार्थी छनोट गरिनेछ ।

**पुनश्चः** - तालिम सञ्चालन हुने स्थान मागको आवश्यकता र सम्भाव्यताको आधारमा पछि प्रकाशन गरिनेछ ।
- तालिम सञ्चालनको मिति पछि प्रकाशन गरिनेछ ।
- प्रशिक्षार्थी आवेदन फाराम यसै सूचनासाथ संलग्न गरिएको छ साथै कार्यालयको website: www.csigulmi.p5.gov.np बाट समेत उक्त फाराम प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।
- थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०७९-५२०११२ तथा ९८४९७८२५०० मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।



## ट्वाइलेट सफा गराउनुहोस्
**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।**
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**



## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्
**तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# मानव बेचबिखन तथा ओसारपसारविरुद्ध प्रभातफेरी




**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीमा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध राष्ट्रिय दिवस मनाइएको छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति नवलपरासीले तिनै तहका सरकारको प्रतिबद्धता मानव बेचबिखनविरुद्ध सबैको ऐक्यबद्धता मूल नाराका साथ प्रभातफेरी गरी मानव बेचबिखन तथा ओसारपसारविरुद्ध राष्ट्रिय दिवस मनाइएको हो ।

परासी बुद्धचोकदेखि सुरु भएको लोकतान्त्रिक चोक हुँदै मालपोतबाटो हुँदै बुद्धचोकमा आएर प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको थियो । एउटै लक्ष्य एउटै सार मानव बेचबिखन गर्न अन्त्य हाम्रो साझा सरोकार मानव, बेचबिखन गर्न पाइदैनलगायतको प्लेकार्डसहित प्रभातफेरी गरिएको हो ।

कार्यक्रममा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख भगौतीप्रसाद यादव (रूदल) यादवले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न सबै क्षेत्र आ-आफ्नो क्षेत्रबाट लाग्नुपर्नेमा जोड दिए । उनले सबैभन्दा पहिला गाउँ टोलबाट बेचबिखन तथा ओसारपसार नियन्त्रणमा लाग्नुपर्ने बताउँदै यस्ता व्यक्ति समाजमा रहेकाले सामाजबाटै निरूत्साहित गर्नुपर्ने जनाए ।

जिल्ला प्रशासन कार्यालयका निमित्त प्रमुख जिल्ला अधिकारी ध्रुबबहादुर कुँवरले बेचबिखन तथा ओसारपसार गर्न सबै सरोकारवालाहरूले यसमा सचेत हुन जरुरी रहेको बताए ।

यसको नियन्त्रण गर्न जनस्तरमा सचेतना जगाइ बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न महत्त्वपूर्ण रहेको उनले बताए ।

जिल्लामा आर्थिक वर्ष २०८०/०८१ मा तीन वटा बेचबिखन तथा ओसारपसारका मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रहरी नायब उपरीक्षक रेशम बोहराले जानकारी दिए । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने उद्देश्यका साथ २०६३ सालदेखि नेपालमा सो दिवस मनाउन थालिएको हो । कार्यक्रममा बेचबिखन तथा ओसारपसारविरुद्ध काम गर्ने संघसंस्था, राजनीति दलका पार्टी प्रमुख प्रतिनिधि पत्रकार महासंघलगायतको सहभागिता रहेको थियो ।

# घर-घरमै सुरक्षा भत्ता नवीकरण



प्यूठान । माण्डवी गाउँपालिका-३ मा नागरिकको घरमै पुगेर सामाजिक सुरक्षा भत्ता नवीकरण गरिएको छ । वडा कार्यालय पुग्न समस्या हुने अशक्त, अपाङ्गता भएका वृद्धवृद्धालाई लक्षित गरी घरमै पुगेर नवीकरण गरिएको वडाध्यक्ष धनेद्र कार्कीले बताए ।

लाभग्राहीले भदौ मसान्तसम्म आफ्नो विवरणसहित सामाजिक सुरक्षा भत्ता नवीकरण गरिसक्नु पर्नेछ । वडाध्यक्ष कार्कीले पहिलो चरणमा लाभग्राहीको सहजताको लागि वडामा बाहेक पायक पर्ने टोलका विभिन्न स्थानमा नवीकरण गरिएको छ ।

सामाजिक सुरक्षा भत्ता नविकरणमा कोही पनि छुट्न नहुने भन्दै नागरिकलाई सहज रुपमा सेवा उपलब्ध गराउन टोल टोलमै पुगेर सेवा दिएको कार्कीले बताए ।

# शोभा पाण्डेलाई अवार्ड




बुटवल । ११औं संस्करणको छायाँछवि तिज म्युजिक अवार्ड-२०८१ सम्पन्न भएको छ ।

११औं संस्करणमा उत्कृष्ट तिज गीत गायिकामा 'हरदिन पूजा गर्छु म'बाट रुपन्देही देवदहकी गायिका शोभा पाण्डेले हात पारेकी छन् ।

हरदिन पुजा गर्छु म गीतमा शब्द स्वीकृति बराल, दिपक शर्माको कम्पोज तथा रामकृष्ण थापाको एरेञ्ज रहेको छ । शोभाको तिज गीत हरदिन पूजा गर्छु म बोलको गीत चर्चित रहेको छ ।

गायिका सोभाले हरेक वर्ष तिजमा गीत बजारमा ल्याउनुका साथै सोलो एल्बम समेत बजारमा ल्याएकी छन् । उनको पहिलो सोलो एल्बम शंका हो भने दोस्रो घायल हो ।

संगितबाट एमफिल गर्दै गरेकी शोभाले जिनिएस म्युजिक अवार्डमा लोक आधुनिक विधामा जुरी अवार्ड प्राप्त गरेकी थिइन् ।

# कांग्रेस रूपन्देहीले भैरहवामा म्याराथुन प्रतियोगिता गर्दै



बुटवल । नेपाली कांग्रेस रुपन्देहीले यही भदौ २४ गते सोमबार भैरहवामा खुल्ला मिनी म्याराथुन प्रतियोगिता गर्ने भएको छ । १११औं बीपी जन्म जयन्तीको अवसरमा 'खुल्ला मिनी म्याराथुन प्रतियोगिता' आयोजना गरिएको कांग्रेस रुपन्देहीका सभापति रामकृष्ण खाँणले जानकारी दिए । युवाहरुमा खेल क्षेत्रप्रति उत्साह जगाउँदै खेलको विकास एवं प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको उनले बताए ।

पाँच किलोमिटरको म्याराथुन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट सुरु भइ लुम्बिनी रोड, बुद्धचोक, बर्मेलीटोल, नारायणस्थान हुँदै मिलनचोक पुगेर समापन हुने कार्यक्रम संयोजक तथा कांग्रेस रुपन्देही जिल्ला सदस्य ओमकुमार श्रेष्ठले जानकारी दिए । कार्यक्रम संयोजक श्रेष्ठका अनुसार प्रतियोगिता बिहान ६:३० देखि सुरु हुनेछ ।

प्रतियोगितामा खुल्ला र महिलातर्फ विजेताले अलगअलग पुरस्कार पाउनेछन् । खुल्लातर्फ प्रथम पुरस्कार रु. १० हजार र मेडल, द्वितीय पुरस्कार रु. ५ हजार र मेडल, तृतीय पुरस्कार रु. ३ हजार र मेडल र सान्त्वना पुरस्कारहरु २ जनालाई रु. १ हजार ५ सय र मेडल दिइनेछ । त्यसैगरी महिलातर्फ प्रथम पुरस्कार रु. १० हजार तथा मेडल, द्वितीय पुरस्कार रु.५ हजार र मेडल, तृतीय पुरस्कार रु. ३ हजार र मेडलको व्यवस्था गरिएको कार्यक्रम संयोजक श्रेष्ठले बताए ।

# न्यू होराइजनमा तिज विशेष प्रतियोगिता



बुटवल । बुटवलको न्यू होराइजन अंग्रेजी आवासीय माध्यमिक विद्यालयले हिन्दु नारीहरुको प्रमुख चाड हरितालिका तिजको अवसरमा तिज विशेष गीत तथा नृत्य प्रतियोगिता सम्पन्न गरेको छ ।

प्रतियोगितामा कक्षा २ देखि १२ सम्मका छात्रा, शिक्षिका र महिला कर्मचारीको समूहबिच प्रतिस्पर्धा भएको थियो । जसमा कक्षा २ देखि ४ बिच भएको प्रतिस्पर्धामा कक्षा ३ को समूह प्रथम, कक्षा २ को समूह दोस्रो कक्षा ४ को समूह तेस्रो भएका छन् ।

यस्तै कक्षा ५ देखि ७ कक्षाबिच भएको प्रतिस्पर्धामा कक्षा ७ प्रथम, कक्षा ५ दोस्रो र कक्षा ६ तेस्रो भएका छन् ।

यस्तै कक्षा ८ देखि १० कक्षाबिच भएको प्रतिस्पर्धामा कक्षा १० को समूह प्रथम, कक्षा ८ को समूह दोस्रो र कक्षा ९ को समूह तेस्रो भएको छ ।

कक्षा ११ र १२ का विज्ञान र व्यवस्थापन संकायका दिवा र बिहानी समूहबिच भएको प्रतिस्पर्धामा कक्षा १२ व्यवस्थापन बिहानी समूह प्रथम, कक्षा १२ विज्ञान दिवा समूह दोस्रो र कक्षा १२ व्यवस्थापन दिवा समूह तेस्रो भएको विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख बालकृष्ण बस्यालले जानकारी दिए ।

यस्तै शिक्षिका र महिला कर्मचारीहरुको समूहबिच भएको प्रतिस्पर्धामा कर्मचारी समूह प्रथम, कक्षा ५-७ का शिक्षिका समूह दोस्रो र कक्षा ८ देखि १२ का शिक्षिका समूह तेस्रो भए । विजयी सबै समूहले क्रमशः ५ हजार, ३ हजार र २ हजारका दरले नगद पुरस्कार पाए ।

उनीहरुलाई विद्यालयका प्राचार्य लोकनाथ उपाध्याय, उपप्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल, राजीव श्रेष्ठ, अतिरिक्त क्रियाकलाप प्रमुख बालकृष्ण बस्याल, नृत्य प्रशिक्षक लोकेन्द्र शाहलगायतले पुरस्कार वितरण गरेका थिए ।

पुरस्कार वितरण गर्दै विद्यालयका प्राचार्य लोकनाथ उपाध्यायले संस्थाले नेपाली लोक संस्कृति संरक्षण र यसबारे विद्यार्थीलाई ज्ञान दिलाउन तिज गीत र नृत्य प्रतियोगिता आयोजना गरेको बताए ।

संस्थाले विद्यार्थीको सर्वाङ्गीण विकासका लागि अतिरिक्त क्रियाकलाप र खेलकुद, संगीतमा पनि विद्यार्थीलाई सहभागी गराई प्रतिभा प्रष्फुटनको अवसर दिलाएको उपाध्यायले बताए ।

उक्त कार्यक्रममा प्रतियोगिताका निर्णायक समेत रहेका कलाकार पुरुषोत्तम भण्डारी, श्रीधर अधिकारी, शिक्षिका एवं कार्यक्रम सञ्चालिका कल्पना कुसुमले गीत र नृत्य प्रस्तुत गरेर सहभागीलाई मनोरञ्जन दिलाएका थिए ।

# लुम्बिनी प्रदेशसभा भदौ २६ मा बस्दै




दाङ । लुम्बिनी प्रदेशसभाको आगामी बैठक भदौ २६ गते बुधबार बस्ने भएको छ । प्रदेशसभाको आगामी बैठक भदौ २३ गते बस्ने जानकारी गराइएको थियो । तर, अन्तिम समयमा आएर बैठकको मिति सारिएको छ । लुम्बिनी प्रदेशसभा चौथो अधिवेशनको २९औं बैठक भदौ २६ गते बस्ने तय भएको प्रदेशसभा सचिव दुर्लभकुमार पुनमगरले जानकारी दिए । बैठक दिउँसो एक बजेका लागि बोलाइएको छ ।

बैठकले प्रदेश विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि विषयगत समितिमा पठाउने, स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयकलाई निर्णययार्थ प्रस्तुत गर्न सक्नेसम्मका सम्भावित कार्यसूची तय भएको जनाइएको छ ।

यसअघिको बैठकमा स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको प्रतिवेदनसहितको विधेयक सभामा पेश भएको थियो । प्रतिवेदनसहितको विधेयक पास गर्ने तयारी गरिए पनि विधेयक पुनः प्रदेश मामिला तथा कानुन समितिमा पठाइएको थियो ।

प्रदेशसभाबाट पास हुनुपर्ने तर, अझैंसम्म सदनले पास नगर्दा कर्मचारीको वृत्तिविकासमा असर परेको भन्दै दिनहुँ ज्ञापन पत्र बुझाउने, सरकारका प्रमुख तथा प्रदेशसभाका अधिकारीहरुलाई ध्यानाकर्षण गराउने काम चलिररहेको छ । प्रदेश सरकारले प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयकको संशोधन प्रस्ताव समेत सदनमा लैजाने तयारी गरेको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र







"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com